२. यो साल कार्तिक १ गतेदेखि आश्विन मसान्ततक वर्ष १ को लागि कुन कुन खाद्यान्न खरीद बिक्री गर्ने अनुमान छ ? सो खरीद गर्ने र बिक्री गर्ने कहाँ हो ?

यसै बिज्ञप्तिद्वारा यो पनि सूचित गरिन्छ कि उक्त रजिष्टरीमा दर्ता भएपछि अड्डाबाट यौटा लाइसेन्स दिइनेछ। सो लाइसेन्स–फी सरकारबाट तोकिएबमोजिम बुझाउनुपर्नेछ। कुनै ठाउँको ठेक्का लिई खरीद गर्नुपर्ने छ भने त्यस्ताले पनि उक्तबमोजिम खुलाई दरखास्त दिनुपर्छ। सो लाइसेन्स पर्मिट दिने काम ०१२ आश्विन मसान्तभित्रमा हुने हुँदा ०१२ कार्तिक १ गतेदेखि उक्त लाइसेन्स नलिई लेखिएबमोजिम खरीद बिक्री गर्न पाउनेछैन। गरे कानूनअनुसार सजाय हुनेछ।

आज्ञाले—
देवीप्रसाद गिरी,
का. मु. सेक्रेटरी—खाद्यविभाग.

वनविभागको विज्ञप्ति

नं. २६।३६६८ २०१२।५।१७।६

पहाड मधेशमा भइरहेको वन जङ्गलको साविक सीमानाभित्र हाल आबादी गर्नजाई ०६–८–१६ मितिको राजसभाको निर्णयबमोजिम वन तथा कृषिविभागका कमिशन गठन भई आबाद गर्न बाकको जग्गाहरू जहाँ जहाँ छ, छुट्याई मात्र आबाद गर्न दिने भन्ने निर्णय भइरहेको र सो कमिशनबाट जाँच बुझ नभई पाहाड मधेशमा वन जङ्गलको साविक सीमानाभित्रका कुनै जग्गाहरू पनि केन्द्रको आदेशबेगर हाल आबादी गर्न नहुने र गढी, गौंडा, गोस्वारा र माडइलले समेत वन जङ्गलको सीमानाभित्र हाल आबादी गर्न र दर्ता गर्नसमेत भइरहेको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सवाल सनदबमोजिम दर्ता गर्न नहुने हुँदा सबै जिल्लाका गडी, गौंडा, बोस्वारा, माल १ सर्वसाधारणको जानकारीको निमित्त यो विज्ञप्ति जारी गरिएको छ। सो-बमोजिम गर्नु गराउनुहोला।

आज्ञाले—
मिन्टोजङ्ग,
का. मु. सेक्रेरीट— वनविभाग.

बोरखापत्र छापाखानामा मुद्रित। सरदार विष्णुध्वज जोशी.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार